## नेपाल इन्टरमोडल यातायत विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०७५

नेपाल इन्टरमोडल यातायात विकास समिति (गठन) आदेश, २०५४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः(१) यस आदेशको नाम "नेपाल इन्टरमोडल यातायात विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०७५" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. नेपाल इन्टरमोडल यातायात विकास समिति (गठन) आदेश, २०५४ को दफा ३मा संशोधनः नेपाल इन्टरमोडल यातायात विकास समिति (गठन) आदेश, २०५४ (यसपछि "मूल आदेश" भनिएको) को दफा ३ को,–

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः–

"(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमका सदस्यहरू रहनेछन् :–

(क) सचिव (वाणिज्य हेर्ने), उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय – अध्यक्ष

(ख) प्रतिनिधि (सहसचिवस्तर), भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय – सदस्य

(ग) महानिर्देशक, भन्सार विभाग – सदस्य

(घ) सभापति, नेपाल उद्योग वाणिज्य महासंघ – सदस्य

(ङ) अध्यक्ष, नेपाल चेम्बर अफ कमर्श – सदस्य

(च) अध्यक्ष,फ्रेइट फरवार्डस एशोसिएशन अफ नेपाल – सदस्य

(छ) कार्यकारी निर्देशक – सदस्य सचिव"

(२) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छः–

"(४) सदस्य– सचिवको काम, कर्तव्य र अधिकार समितिले तोके बमोजिम हुनेछ।"

३. मूल आदेशको दफा ५ मा संशोधनःमूल आदेशको दफा ५ को उपदफा (२) र (६) मा रहेका "सचिव" भन्ने शब्दको सट्टा "सदस्य– सचिव" भन्ने शब्दहरु राखिएका छन्।

४. मूल आदेशको दफा ६ मा संशोधनःमूल आदेशको दफा ६ को उपदफा (१) मा रहेको "समितिले" भन्ने शब्दको सट्टा "नेपाल सरकारले" भन्ने शब्दहरु राखिएका छन् ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
नेपाल सरकार
सिंहदरबार, काठमाडौं